# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, असोज ७ गते २०५३ साल (संख्या २४


## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको सूचना

**प्राचीन स्मारक संरक्षण (दोस्रो संशोधन) नियमावली, २०५३**

प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ लाई संशोधन गर्न वान्छनीय भएकोले, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "प्राचीन स्मारक संरक्षण (दोश्रो संशोधन) नियमावली, २०५३" रहेको छ ।

२. **प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ मा नियम ४.७, ४.८ र ४.९ थप:**

प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ (यसपछि मूल नियम भनिएको) को नियम ४.६ पछि देहायका नियम ४.७, ४.८ र ४.९ थपिएका छन्:–

"४.७ **विशेष ज्यालादर तथा मूल्य निर्धारण समिति:**

४.७.१ श्री ५ को सरकारले देहायका पदाधिकारीहरू रहेको एक विशेष ज्यालादर तथा मूल्य निर्धारण समिति गठन गर्नेछ:–

४.७.१.१ प्रधान अन्वेषण अधिकारी, पुरातत्व विभाग – अध्यक्ष

४.७.१.२ सिनियर डिभिजनल इन्जिनियर, भवन विभाग – सदस्य

४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.७.१.३ प्रतिनिधि, (अधिकृतस्तर), महालेखा नियन्त्रकको कार्यालय – सदस्य

४.७.१.४ प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय काठमाडौं – सदस्य

४.७.१.५ सिनियर डिभिजनल इन्जिनियर, पुरातत्व विभाग – सदस्य-सचिव

४.७.२ नियम ४.७.१ बमोजिम गठित समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

४.८ विशेष ज्यालादर तथा मूल्य निर्धारण समितिको काम कर्तव्य र अधिकार:

४.८.१ श्री ५ को सरकार, भवन विभागले तोकिदिएको मापदण्ड अनुसार गर्नुपर्ने गरी तोकिएका प्राचीन स्मारकबाहेक अन्य प्राचीन स्मारकहरूको मर्मत, जीर्णोद्धार तथा पुर्ननिर्माण गर्ने सम्बन्धमा विशेष ज्यालादर तथा मूल्य निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

४.८.१.१ प्राचीन स्मारकको मर्मत, जीर्णोद्धार तथा पुर्ननिर्माण गराउँदा कामदार तथा कालिगढहरूलाई दिइने विशेष ज्याला दरको रकम निर्धारण गर्ने ।

४.८.१.२ प्राचीन स्मारकको मर्मत, जिर्णोद्धार तथा पुर्ननिर्माण गराउँदा आवश्यक पर्ने परम्परागत निर्माण सामग्रीहरूको मूल्य निर्धारण गर्ने ।

४.८.१.३ प्राचीन स्मारकको मर्मत, जीर्णोद्धार तथा पुर्ननिर्माण गराउँदा लाग्ने कामदार तथा कालिगढहरूको संख्या तोक्ने ।

४.९ बैठक भत्ता:– यस नियमावलीबमोजिम गठित विभिन्न समितिहरूका पदाधिकारीहरूले ती समितिहरूको बैठकमा भाग लिएबापत विभागले तोकिदिएबमोजिम बैठक भत्ता पाउन सक्नेछन् ।

३. रूपान्तर:– मूल नियमावलीको ठाउँ-ठाउँमा प्रयोग भएका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "युवा, खेलकूद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,

शरदकुमार भट्टराई

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

आयकर ऐन, २०३१ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी सबै प्रकारको पट्टा (Leasing) व्यवसायको कारोवार गर्ने करदाताहरूको खुद आयनिर्धारण गर्ने तरीका देहायबमोजिम हुने गरी तोकिएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. (अ) पट्टेदार (Lessor) को खातामा:

(क) पट्टामा दिइएको सम्पत्तिलाई स्थिर सम्पत्ति मानिनेछ ।

(ख) पट्टा वहाल आय (Lease Rental) लाई कुल कारोवारको आयमा समावेश गरिनेछ ।

(आ) पट्टावाल (Lessee) को खातामा:

(क) पट्टामा लिएको सम्पत्तिलाई वासलातमा स्थिर सम्पत्तिमा समावेश नगरी उल्लेख (Disclose) मात्र गर्नु पर्नेछ ।

(ख) पट्टा वहाल (Lease Rental) रकमलाई कारोवारको खर्च बापत लेख्न पाइनेछ ।

२. सम्पत्तिको स्वामित्वको आधारमा पट्टेदारलाई नै ह्रासकट्टीको सुविधा दिइनेछ। पट्टा अवधिभरमा ह्रास कट्टीको रूपमा खर्च लेख्न बाँकी रहेको ह्रासखर्चलाई पट्टा–अवधि समाप्त भएपछि सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा समापन ह्रास कट्टी (Terminal Depreciation) को रूपमा पट्टेदारले खर्च लेख्न पाउने छ र त्यसरी सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा बाँकी मूल्य (Written Down Value) भन्दा बढी आय हुन गएमा सो बढी भएको रकम स्वामित्व हस्तान्तरण भएको वर्षको आयमा समावेश गरी खुद आय कायम गरिनेछ ।

३. सञ्चालन पट्टा (Operating Lease) को हकमा ह्रास कट्टी गर्ने गरेको कुनै सम्पत्ति पट्टेदारले पट्टा-अवधि समापन अगावै पट्टावालबाट फिर्ता पाई वेचविखन वा कुनै रूपमा स्वामित्व हस्तान्तरण गर्दा बाँकी मूल्यभन्दा बढी रकम प्राप्त भएमा सो बढी रकम सम्पति बिक्री भएको वर्षको आयमा समावेश गरी खुद आय कायम गरिनेछ ।

४. पट्टा व्यवसायको अवधिमा खुद आय निर्धारण गर्दा ह्रास कट्टी सुविधा दिई सम्पूर्ण मूल्य अपलेखन (Write off) भइसकेको कुनै सम्पत्ति त्यसपछिका वर्षहरूमा प्रयोगमा आएमा त्यस्ता सम्पत्तिमा पुनः ह्रास कट्टी सुविधा प्रदान गरिने छैन ।

४६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हाल देशका विभिन्न भागमा भएको अविरल वर्षाको कारण बाढी पहिरोबाट पीडित जनताको उद्धार एवम् सहयोगका लागि विभिन्न संघ, संस्था वा व्यक्तिले प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष वा केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने चन्दा रकमलाई आय निर्धारण हुँदा पूर्णरूपले खर्च कट्टा गर्न पाउँने गरी तोकेको छ ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी APRO-FIET सिंगापुरबाट नेपाल वित्तीय संस्थान कर्मचारी संघलाई अनुदानमा पैठारी हुने १५,००० (पन्द्र हजार) थान लोगो Badge मा लाग्ने भन्सार महसुल पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
श्री ५ को सरकारको सह-सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा संचालन हुने The Ninth Negotiation Session of The INCD मा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री अनन्तराज पाण्डेयलाई मिति २०५३।५।१७ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त सिंगापुरमा आगामी डिसेम्बर १९९७ मा हुने विश्व व्यापार संगठनको प्रथम मन्त्रीस्तरीय बैठकको सिलसिलामा इण्डोनेशियाको राजधानी जाकार्तामा हुने पूर्व तयारी बैठकमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड ( क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाई शाक्यलाई मिति २०५३।५।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

बलरामसिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।३।१३ को निर्णयानुसार सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका कैलाली, आछाम, डोटी, बाजुरा, बझाङ, कन्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला जिल्लाहरूसमेत कार्यक्षेत्र हेर्ने गरी कैलालीको धनगढीमा श्रम विभाग अन्तर्गत श्रम कार्यालय धनगढी स्थापना गरिएको छ ।

आज्ञाले,

आनन्द बल्लभ जोशी

श्री ५ को सरकारको सचिव



४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना १

जिल्ला प्रशासन कार्यालय, रसुवाका प्रमुख जिल्ला अधिकारी श्री रामेश्वर घिमिरे मिति २०५३।४।१ गतेदेखि दिन १५ (पन्ध्र) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा सो पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री रुद्रप्रसाद खड्कालाई श्री ५ को सरकारको मिति २०५३।३।३० को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५३।३।३० को निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का श्री गणेशबहादुर कुँवरलाई सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मोरङबाट प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, अछाममा सरुवा गरेको छ ।

## सूचना ३

जिल्ला प्रशासन कार्यालय, बाँकेका कायम मुकायम प्रमुख जिल्ला अधिकारी श्री थानेश्वरप्रसाद कोइराला मिति २०५३।४।१ गतेदेखि दिन १५ (पन्ध्र) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय, चितवनका सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम लामिछानेलाई श्री ५ को सरकारको मिति २०५३।४।२ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०५३।४।६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृतस्तर) का देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।



४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री कमलकान्त रेग्मी | शाखा अधिकृत, इलाका प्रशासन शाखा, टिकापुर कैलाली । | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, कैलाली । |
| २. | श्री धिरेन्द्रबहादुर बानीया | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, महोत्तरी । | शाखा अधिकृत, विशेष प्रहरी विभाग । |
| ३. | श्री उमेशकुमार ढकाल | शाखा अधिकृत, विशेष प्रहरी विभाग । | अध्यागमन अधिकृत, अध्यागमन विभाग । |
| ४. | श्री मोहनप्रसाद वाग्ले | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, मकवानपुर । | शाखा अधिकृत, केन्द्रीय सेवा विभाग । |

## सूचना ५

जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री हेमराज सापकोटा मिति २०५३।४।१४ देखि दिन १० (दश) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री शिवप्रसाद नेपाललाई श्री ५ को सरकारको मिति २०५३।४।१३ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ६

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी श्री देवेन्द्रबहादुर सिंह मिति २०५३।४।२० गतेदेखि दिन ६ (छ) बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र दाहाललाई श्री ५ को सरकारको मिति २०५३।४।१३ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

जिल्ला प्रशासन कार्यालय, झापाका प्रमुख जिल्ला अधिकारी श्री वीरेन्द्रकुमार सिंह मिति २०५३।४।२० गतेदेखि दिन ७ (सात) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री मोदराज डोटेललाई श्री ५ को सरकारको मिति २०५३।४।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ८

जिल्ला प्रशासन कार्यालय, पाँचथरका प्रमुख जिल्ला अधिकारी श्री गोबिन्द प्रसाद अधिकारी मिति २०५३।४।२७ देखि दिन१५ (पन्ध्र) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री अर्जुनप्रसाद सुवेदीलाई श्री ५ को सरकारको मिति २०५३।४।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ९

जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी श्री माधव-प्रसाद रेग्मी मिति २०५३।४।२३ देखि २०५३।५।११ सम्म घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री चुँडामणी शर्मालाई श्री ५ को सर-कारको मिति २०५३।४।२२ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना १०

जिल्ला प्रशासन कार्यालय, रोल्पाका प्रमुख जिल्ला अधिकारी श्री दुर्गाप्रसाद भण्डारी मिति २०५३।४।३० देखि २०५३।५।७ गतेसम्म घर बिदामा बस्नु हुने भएको-ले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्या-लयका सहायक प्रमुख जिल्ला अधिकारी श्री महेश लम्साललाई श्री ५ को सरकारको मिति २०५३।४।२२ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।



४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

श्री ५ को सरकारले मिति २०५३।४।२७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृतस्तर) का देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | बिन्दुप्रसाद गुरागाई | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक । | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय कास्की । |
| २. | बैकुण्ठप्रसाद पौडेल | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, झापा । | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, प्यूठान । |

## सूचना १२

जिल्ला प्रशासन कार्यालय, पर्वतका प्रमुख जिल्ला अधिकारी श्री देवीप्रसाद भट्टराई मिति २०५३।४।३१ देखि दिन ७ (सात) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा सो पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम तिवारीलाई श्री ५ को सरकारको मिति २०५३।४।३० को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ।

## सूचना १३

जिल्ला प्रशासन कार्यालय, पाल्पाका प्रमुख जिल्ला अधिकारी श्री बामनप्रसाद न्यौपाने मिति २०५३।५।३ देखि दिन ७ (सात) घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री दामोदर पन्तलाई श्री ५ को सरकारको मिति २०५३।४।३० को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

४६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १४

जिल्ला प्रशासन कार्यालय, रामेछापका प्रमुख जिल्ला अधिकारी श्री मोहन-सिंह खत्री मिति २०५३।४।३१ देखि २०५३।५।१४ गतेसम्म घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गामणि सापकोटालाई श्री ५ को सरकारको मिति २०५३।४।३२ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना १५

श्री ५ को सरकारले मिति २०५३।४।३२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क.सं. | नाम, थर | साविक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | स्थिरजंगबहादुर सिंह | प्रमुख अध्यागमन अधिकृत, अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल । | उप-निर्देशक, अध्यागमन विभाग । |
| २. | नरेन्द्रराज शर्मा | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय कास्की । | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्ला । |
| ३. | ज्ञानदर्शन उदास | उप-निर्देशक, अध्यागमन विभाग । | प्रमुख अध्यागमन अधिकृत, अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल । |

आज्ञाले,
कोषकुमार नेम्बाङ्ग
कानून अधिकृत

860



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।४।२७ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, इरिगेशन उपसमूह, राजपत्रांकित तृतीय श्रेणीको असिष्टेन्ट इन्जिनियरिङ पदमा बढुवा गरी देहाय बमोजिम पदस्थापन गरेको छ ।

| क.सं. | नाम, थर | | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|---|---|
| १. | श्री आनन्दप्रकाश धामी | – | जिल्ला सिंचाइ कार्यालय, खोटाङ । |
| २. | श्री किशोर आचार्य | – | जिल्ला सिंचाइ कार्यालय, बाँके । |

आज्ञाले,
डा. द्वारिकानाथ ढुङ्गेल
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ४६, संख्या २१, मिति २०५३।५।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा "नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू २०५३" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

कृषि मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित

४६१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

862

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।